"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
DHARAN SUB-METROPOLITAN CITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सुनसरी, १ नं. प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

शिक्षा युवा तथा खेलकुद.... महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :-

चलानी नं. :- ६२२९

मिति: २०७८।१०।१४

**पूर्व प्राथमिक कक्षा संचालन तथा कक्षा थप अनुमतिका लागि आवेदन पेस गर्ने सम्बन्धी धरान उपमहानगरपालिकाको सूचना !**

विगत वर्षमा अनुमति लिई धरान उपमहानगरपालिकाभित्र संचालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०७९ देखि कक्षा थप गरी विद्यालय संचालन गर्न चाहेमा नयाँ विद्यालय स्थापना (कक्षा १) बाहेकका अन्य कक्षा थप गर्न, कक्षा ११-१२ को अनुमति लिई सञ्चालनमा रहेका विद्यालयहरुलाई विषय थप गर्न र पूर्व प्राथमिक कक्षा संचालन गर्न चाहनेले मौजुदा संघीय शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) बमोजिमका पूर्वाधारहरु पूरा गरी देहायका कागजातहरुसहित मिति २०७८ फाल्गुण ५ गतेभित्र अनुमतिका लागि धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखामा आवेदन पेस गर्नु हुन उपमहानगरपालिकाको मिति २०७८।१०।१३ को निर्णय (नगर प्रमुख स्तरीय) अनुसार यो सूचना प्रकासित गरिएको छ ।

<u>आवेदन फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु:</u>

- विद्यालय प्रस्तावना पत्र
- सम्बन्धित वडाको सिफारिस पत्र
- विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि
- सबैभन्दा नजिकमा रहेका अनुमति प्राप्त २ वटा विद्यालयहरुको सहमति पत्र
- तोकिएको योग्यता पुरा भएका शिक्षकहरुलाई नियमानुसार नियुक्त गरिएको पत्र, शैक्षिक योग्यता र अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपिहरु
- स्वीकृत लेखापरीक्षकबाट आय व्यय लगायतका विद्यालयको हर हिसाब परीक्षण गरि दिएको पछिल्लो वर्षको प्रतिवेदन
- विद्यालयले निर्धारण गरेको कक्षागत शुल्क विवरण (वि.व्य.स. को निर्णय प्रतिलिपि सहित)
- माग गरिएको भन्दा तल्लो कक्षाको कक्षागत /तहगत अनुमति वा स्वीकृत पत्रको प्रमाणित प्रतिलिपिहरु
- पूर्व प्राथमिक विद्यालयको हकमा भवन खेल मैदान सम्बन्धि प्रमाण कागजात र विवरण
- उपमहानगरपालिकाले तोकेको आवेदन दस्तुर जम्मा गरेको भौचर

क्रमशः

कार्यालय: ०२५-५७०६३६, ५७०८१३, ५७०४०७, प्रमुख: ५७०१०९, उप-प्रमुख: ५७५४९०, प्र.प्र.अ.: ५७०२७९, प्रशासन: ५७१९९१, आर्थिक प्रशासन: ५७१५११,
सुचना, राजस्व: ५७१५०१, भण्डार/खरिद: ५७१५०३, वारुण यन्त्र: ५७०१९९
E-mail: info@dharan.gov.np, Website: http://www.dharan.gov.np

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

DHARAN SUB-METROPOLITAN CITY

OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनसरी, १ नं. प्रदेश, नेपाल

Sunsari, Province No. 1, Nepal

शिक्षा युवा तथा खेलकुद.... महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :-

चलानी नं. :- ४२२९

नगर कार्यपालिकाको कार्यालय धरान १२ सुनसरी १ नं. प्रदेश नेपाल

**संस्थागत विद्यालयका लागि आवश्यक थप कागजातहरु:**

- कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको वा गुठी सञ्चालन गर्ने भए गुठी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- कम्पनी वा गुठीको प्रवन्ध पत्र र नियमावली
- संस्थापक र प्रिन्सिपलको शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- जग्गा वा भवन भाडामा लिने भए कम्तीमा ५ वर्षसम्मको लागि घर वा जग्गा धनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र
- आ.व. २०७७/०७८ को कर बुझाएको प्रमाणको प्रमाणित प्रतिलिपि
- कम्पनी अद्यावधिक भएको पत्र

मनोज भट्टराई

अधिकृत छैटौं

**बोधार्थ:**

श्री नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।

श्री नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।

श्री सूचना शाखा, धरान उपमहानगरपालिका– सूचना **Website** मा राखिदिनु हुन ।